# आठबीस नगरपालिका

## स्थानीय राजपत्र

खण्डः ९ संख्याः३ मितिः२०८२।०५।१२

## भाग-२

**आठबीस नगरपालिका, नगर कार्यपालिकाले तल लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

# आठबीस नगरपालिकाको शिक्षक दरबन्दी मिलान, तह मिलान र काज सरुवा सम्बन्धी कार्यविधि, २०८२

प्रस्तावनाः

आठबीस नगरपालिका भित्रका सबै बालबालिकाहरुलाई अनिवार्य तथा निशुल्क गुणस्तरीय शिक्षा प्रदान गर्न प्रारम्भिक बालविकास केन्द्र देखि माध्यमिक तहसम्मका विद्यालयहरुमा शिक्षक दरबन्दी मिलान, विद्यालयहरुको तह मिलान र काज सरुवा समेत गरी विद्यालय शिक्षालाई व्यवस्थित बनाई विद्यालय शिक्षामा बालबालिकाहरुको समतामूलक पहुँचको सुनिश्चितता गर्दै आठबीस नगरपालिकाको शैक्षिक कार्यक्रम प्रभावकारी एव व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) बमोजिम स्थानीय तहको अधिकार प्रयोग तथा आठबीस नगरपालिका शिक्षा ऐन, २०७५ को दफा ६० ले दिएको अधिकार प्रयोग गरी आठबीस नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

### परिच्छेद - १

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "आठबीस नगरपालिकाको शिक्षक दरबन्दी मिलान, तह मिलान र काज सरुवा सम्बन्धी कार्यविधि, २०८२" रहेको छ।

(२) यो कार्यविधि आठबीस नगरपालिका अन्तर्गतका सम्पूर्ण सामुदायिक विद्यालयमा लागू हुनेछ।

(३) यो कार्यविधि आठबीस नगर कार्यपालिकाबाट स्वीकृत र प्रमाणीकरण भएपछि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(१) "नगरपालिका" भन्नाले आठबीस नगरपालिका सम्झनुपर्दछ।

(२) "कार्यालय" भन्नाले आठबीस नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्दछ।

(३) "शिक्षा समिति" भन्नाले आठबीस नगरपालिकाको नगर शिक्षा समितिलाई सम्झनुपर्दछ।

(४) "ऐन" भन्नाले शिक्षा ऐन, २०२८ (संशोधन सहित) सम्झनुपर्दछ।

(५) "शिक्षा नियामावली" भन्नाले शिक्षा नियामावली, २०५९ (संशोधन सहित) सम्झनुपर्दछ।

(६) "कार्यविधि" भन्नाले शिक्षक दरबन्दी मिलान, तह मिलान र काज सरुवा सम्बन्धी कार्यविधि, २०८२ सम्झनुपर्दछ।

(७) "दरबन्दी मिलान" भन्नाले स्वीकृत दरबन्दीमा रहेका स्थायी र अस्थायी शिक्षक, राहत अनुदानमा रहेका शिक्षक, संघीय अनुदानमा रहेका शिक्षक र नगर अनुदानका शिक्षकहरुको दरबन्दी मिलान तथा व्यवस्थापन गर्ने कार्यलाई सम्झनुपर्दछ।

(८) "तह मिलान" भन्नाले विद्यार्थीको संख्या र भौगोलिक दुरीका आधारमा विद्यालयको तह मिलान गर्ने कार्यलाई सम्झनुपर्दछ।

(९) "काज सरुवा" भन्नाले नगरपालिका भित्रका सामुदायिक विद्यालयहरुमा शिक्षकहरुलाई कामकाजको लागि खटाइने कार्यलाई सम्झनुपर्दछ।

(१०) "विद्यालय" भन्नाले प्रचलित कानून बमोजिम अनुमति वा स्वीकृत लिई सञ्चालनमा रहेको सामुदायिक विद्यालयलाई सम्झनुपर्दछ।

(११) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनुपर्दछ। सो शब्दले प्रधानाध्यापकलाई समेत जनाउँछ ।

## परिच्छेद - २

## शिक्षक दरबन्दी मिलान सम्बन्धी व्यवस्था

**३. <u>शिक्षक दरबन्दी मिलानः</u>** (१) नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम कार्यालयले दफा ४ बमोजिमको आधारमा शिक्षक दरबन्दी मिलान गर्नेछ।

(२) शिक्षक नियुक्तिको जेष्ठताका आधारमा दरबन्दी मिलान गरिनेछ।

(३) दरबन्दी मिलान गर्दा महिला र अपाङ्गता भएका शिक्षकलाई प्राथामिकता दिइनेछ।

(४) यस कार्यविधि बमोजिम दरबन्दी मिलान भई जाने शिक्षकले अनिवार्य रुपमा खटाएको विद्यालयमा गई अध्यापन गराउनुपर्नेछ।

(५) नियमावलीले हिमाल, पहाड तथा तराइको लागि कायम गरेको शिक्षक विद्यार्थी अनुपात र सो नियमावलीको अनुसूची -१२ मा उल्लेख भएको विद्यालयमा रहनुपर्ने दरबन्दीको आधारमा शैक्षिक तथ्याङ्क व्यवस्थापन प्रणाली (IEMIS) मा प्रविष्टी गरिएको विद्यार्थी विवरण तथा दफा ७ बमोजिमको कार्यदलले उपलब्ध गराएको विवरणलाई विद्यार्थी संख्या मानिनेछ।

(६) **<u>शिक्षक दरबन्दी मिलान गर्दा लिइने आधारहरुः</u>** शिक्षक दरबन्दी मिलान गर्दा देहाय बमोजिमका आधारहरु लिइनेछ।

**(क) आधारभूत तह कक्षा १-३ संचालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः**

१. २० (बीस) जनासम्म विद्यार्थी संख्या बराबर १ दरबन्दी कायम गर्ने,

२. ५० (पचास) जनासम्म विद्यार्थी संख्या बराबर २ दरबन्दी कायम गर्ने,

३. ६० (साठी) जना भन्दा बढी विद्यार्थी संख्या बराबर ३ दरबन्दी कायम गर्ने,

**(ख) आधारभूत तह कक्षा १-५ संचालन भएका सामुदायिक विद्यालयको सम्बन्धमा**

१. ५०(पचास) जनासम्म विद्यार्थी संख्या बराबर २ दरबन्दी कायम गर्ने,

२. ७५(पचहत्तर) जनासम्म विद्यार्थी संख्या बराबर ३ दरबन्दी कायम गर्ने,

३. १०० (सय) जनाभन्दा बढी विद्यार्थी संख्या बराबर ४ दरबन्दी कायम गर्ने,

**(ग) आधारभूत तह कक्षा ६-८ संचालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः**

१. अंग्रेजी शिक्षक दरबन्दी १ जना,

२. विज्ञान/गणित शिक्षक दरबन्दी १ जना,

३. नेपाली शिक्षक दरबन्दी १ जना,

४. सामाजिक शिक्षक दरबन्दी १ जना,

५. १५० जना विद्यार्थी भन्दा बढी भएमा आवश्यकता अनुसार थप १ दरबन्दी कायम गर्ने।

**(घ) माध्यामिक तह कक्षा ९-१२ सञ्चालन भएका सामुदायिक विद्यालयको सम्बन्धमाः**

१. अंग्रेजी शिक्षक दरबन्दी १ जना,

२. विज्ञान शिक्षक दरबन्दी १ जना,

३. गणित शिक्षक दरबन्दी १ जना,

४. नेपाली शिक्षक दरबन्दी १ जना,

५. सामाजिक शिक्षक दरबन्दी १ जना,

६. कक्षा ९-१२ सञ्चालन भएको विद्यालयको हकमा प्रति कक्षा औषत ७५ जना विद्यार्थी भन्दा बढी भएमा आवश्यकता अनुसार एक एक जना विषयगत शिक्षक थप गर्न सकिनेछ।

## परिच्छेद - ३

## विद्यालय तह मिलानका आधारहरु

**४. <u>तह मिलानः</u>** (१)विद्यार्थीहरुले गुणस्तरीय शिक्षा पाउनुपर्ने अधिकारलाई मध्यनजर गर्दै देहायका आधारमा नगर शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम कार्यालयले सामुदायिक विद्यालयमा तह मिलान गर्नेछ।

(२) विद्यालयको तह मिलान गर्दा शैक्षिक सत्रको सुरुमा गरिनेछ, तर प्रथम पटकको लागि जुनसुकै बखत तह मिलान गर्न सकिनेछ।

(३) कुनै विद्यालयमा देहायका विद्यार्थी संख्याको आधारमा तह मिलान गरिनेछ।

| क्र.स. | बालविकास | कक्षा १—३ | कक्षा १—५ | कक्षा ६ - ८ | कक्षा ९ —१० | कक्षा ११-१२ |
|---|---|---|---|---|---|---|
| १ | १० | ४५ | ७५ | ४५ | ३० | ३० |

तर एक विद्यालय देखि अर्को विद्यालयसम्म पुग्न कक्षा १-५को हकमा ३० मिनेट, कक्षा ६-८ को हकमा ४५ मिनेट र माध्यमिक तहमा १ घण्टा भन्दा बढी समय लाग्ने अवस्था भएमा तह मिलान हुने छैन।

(४) विद्यालयको तह बृद्धि गर्दा साविकको तहभन्दा माथिल्लो कक्षामा न्यूनतम २० जना विद्यार्थी संख्या पुग्ने आधार भएको हुनुपर्नेछ।

(५) नगरपालिकाका ९ (नौ) वटै वडामा कम्तिमा एक/एक वटा कक्षा ११-१२ सञ्चालन गर्ने विद्यालयको हकमा कम्तिमा २० जना विद्यार्थी संख्या पुगेमा दफा १ बमोजिमको आधारले बाधा हुने छैन।

## परिच्छेद - ४

## सरुवा तथा काज सरुवा

**५. <u>सरुवा, काज तथा कामकाज सम्बन्धी व्यवस्था:</u>** (१) नगरपालिका भित्रका विद्यालयहरुको शैक्षिक गुणस्तर सुधार गर्न विद्यालयमा कार्यरत स्थायी, अस्थायी, राहत, शिक्षण सिकाइ अनुदान, नगर अनुदान र बालविकास शिक्षकहरुलाई प्रत्येक २ वर्षमा नगरपालिका भित्रका जुनसुकै विद्यालयमा शिक्षा समितिको सिफारिसमा नगर कार्यपालिकाको निर्णय बमोजिम कार्यालयले काज सरुवा गर्न सक्नेछ।

(२) सुत्केरी महिला र अपाङ्गता भएका शिक्षकहरुलाई नगर भित्रका विद्यालयहरुमा आवश्यक परेको खण्डमा निजको निवेदन अनुसार काज सरुवा गर्ने व्यवस्था मिलाइनेछ।

(३) नगरपालिका भित्र कुनै पनि शिक्षकको पद रिक्त भएमा नगर शिक्षा समितिको सिफारिसमा कार्यालयले नगर भित्रकै शिक्षकलाई जुनसुकै बखत काज सरुवा गर्न सक्नेछ।

(४) स्थायी नियुक्ति भएको १ वर्ष नपुगेको र अनिवार्य अवकाश हुन १ वर्ष वा सो भन्दा कम अवधि बाँकी रहेको शिक्षकलाई एक विद्यालयबाट अर्को विद्यालयमा काज सरुवा गरिने छैन।

(५) काज सरुवा भएको ७ दिनभित्र प्रधानाध्यापकले सम्बन्धित शिक्षकलाई शिक्षा नियमावलीको अनुसूची १३ बमोजिमको ढाँचामा रमानापत्र दिई सो को जानकारी सम्बन्धित विद्यालय र नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा दिनुपर्नेछ। साथै काज सरुवा भई आएको शिक्षकलाई सम्बन्धित विद्यालयले अनिवार्य रुपमा हाजिर गराउनुपर्नेछ, हाजिर नगराएको खण्डमा शिक्षा समितिको सिफारिसमा उक्त विद्यालयको दरबन्दी कटौती गरी अन्य विद्यालयमा पठाइनेछ।

(६) काज सरुवा भएको शिक्षक सम्बन्धित विद्यालयमा गई हाजिर हुनुपर्नेछ। अन्यथा शिक्षकको सेवा सुविधा कार्यालयले दिन बाध्य हुने छैन।

## परिच्छेद ५

## विविध

६. **<u>कार्यदल गठन गर्न सक्ने:</u>** (१) परिच्छेद ३, ४, ५ बमोजिम दरबन्दी मिलान, तह मिलान र काज सरुवाको कार्यको लागि नगर कार्यपालिकाले कार्यदल गठन गर्न सक्नेछ।

(२) कार्यदलले दफा ३, ४ र ५ बमोजिम दरबन्दी मिलान, तह मिलान र काज सरुवाको लागि शिक्षा समितिमा प्रतिवेदन पेश गर्नुपर्नेछ।

७. **<u>संशोधन:</u>** यस कार्यविधिलाई आवश्यकता र औचित्यताका आधारमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ।

८. **<u>प्रचलित कानुन बमोजिम हुने</u>**ः यस कार्यविधिमा उल्लेख भए बाहेकका अन्य विषयहरूमा प्रचलित कानून बमोजिम हुनेछ।

आज्ञाले,
(बिनोद कुमार माझी)
प्रमुख प्रशासकीय अधिकृत